सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाजुरा

मार्तडी, नेपाल

## नयाँ ब्लक विकास कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/०४)

कृषि ज्ञान केन्द्र, बाजुराको आ.व. २०८०/८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक विकास कार्यक्रम अन्तर्गत स्याउ तथा ओखर बालीमा नयाँ ब्लक विकास कार्यक्रम स्वामिकार्तिक खापर गाउँपालिका-०३, बाजुरामा संचालन गर्नुपर्ने भएकोले कार्यक्रमको उदेश्य अनुरुप काम गर्न इच्छुक र मापदण्ड पुरा गरेका ईमान्दार, मेहनती र लगनशिल कृषक समूह/सहकारीहरुले तोकिएका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात २०८० मंसिर ११ गते भित्र कृषि ज्ञान केन्द्र, बाजुरा वा सम्बन्धित स्थानिय तहको कृषि विकास शाखामा निवेदन पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | बजेट | मापदण्ड |
|---|---|---|---|
| १ | ब्लक विकास कार्यक्रम (स्वामिकार्तिकखापर गाउँपालिका-०३, बाजुरा) | १०,००,०००/- | कम्तिमा ३० हेक्टर क्षेत्रफलमा फलफूल खेति गर्नुपर्ने |

निबेदन साथ पेश गर्नुपर्ने अन्य आवश्यक कागजातहरु:

१. रु. १० को टिकट टाँसेको कार्यालयको निर्दिष्ट ढाँचाको निवेदन फाराम
२. कृषक समूह दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. सहकारीको हकमा दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं. को प्रतिलिपि
४. सहकारीको आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्र
४. कृषि समूह/सहकारीको हकमा कार्यक्रम माग गर्ने सम्वन्धिको निर्णयको प्रतिलिपि
५. तोकिएको कार्यक्रममा तोकिएको व्यहोरा खुल्ने सम्वन्धित कृषि विकास शाखाको सिफारिस पत्र
६. राजश्व रु. १०००/- बैंक भौचर वा नगदी रसिद
७. सोही प्रकृतिको बल्क विकास कार्यक्रममा सरकारी निकायबाट अनुदान नलिएको घोषणा पत्र

नोटः कार्यक्रम संचालन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वुन म्यानुल २०७७ मा उल्लेख भए अनुसार हुनेछ । थप जानकारीका लागि कृषि ज्ञान केन्द्र बाजुरामा वा सम्वन्धित स्थानिय तहको कृषि विकास शाखामा सम्पर्क गर्नुहोला ।

..............................
मीनप्रसाद जैशी
नि. कार्यालय प्रमुख


सम्पर्क नं. ०९७-५४१०१४,५१४२१४ ईमेलः akcbajura@gmail.com, akcbajura@sudurpashchim.gov.np
Website: www.bajura.akc.gov.np